प्रस्तावहरु:

१. कारागार कार्यालय तथा विदुर बजारको ढल व्यवस्थापन सम्बन्धमा

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विदुर नगरपालिका वार्ड नं. ६ मा रहेको देशकै सबैभन्दा ठुलो करिब ७,००० भन्दा बढी कैदीबन्दी क्षमताको कारागार भवन संरचनाहरुका अलावा खेलमैदान, स्वास्थ्य केन्द्र, आगन्तुक भवन, सुरक्षा निकायको भवन लगायत उद्योग कारागारको रुपमा विकास गर्ने गुरुयोजना मुताविकका संरचना निर्माण हुदै गर्दा यस क्षेत्रको बजार तथा व्यवसाय विस्तारको अलावा बिकासका विविध सम्भावना बढ्ने अपेक्षा सहित बिदुर नगरपालिकाले समेत सहकार्य गर्दै आइरहेको र २०८१ भाद्र १५ गते समुद्घाटन भइ हाल सम्म करिव ७०० कैदीवन्दी विभिन्न कारागारबाट स्थानान्तरण भइ नयाँ निर्माण भएको कारागारमा सारिसकिएको अवस्थामा कारागारको स्वीकृत गुरुयोजना बमोजिम पाचौ चरणमा ढल प्रशोधन र बायोग्यास प्लान्ट बनाउने योजना रहेको भएतापनि हाल बहाल कैदीबन्दीको दिसाजन्य फोहोरको सहि व्यवस्थापन हुन नसक्दा कारागार र आसपासको परिसर दुर्गन्धित भइ बातावरणीय प्रदुषण फैलिइ कर्मचारी, कैदीवन्दी लगायत अन्य व्यक्तिहरुमा समेत स्वास्थ्यजन्य जोखिम हुन सक्ने देखिएकोले ढल प्रशोधन तथा बायोग्यास प्लान्ट निर्माणको कार्य तत्काल अघि बढाउन आवश्यक देखिएकोले परिसरको पूर्ण क्षमता बमोजिमका कैदीबन्दी तथा विदुर नगरपालिका र संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना चितवन बीच सहकार्य भइ निर्माणाधीन विदुर ढल निर्माण तथा प्रशोधन आयोजनाबाट लाभान्वित हुने विदुर न.पा. वार्ड नं. २,४,५ र ६ का १९४०३ गरि हुन आउनेको दिसाजन्य फोहोर प्रशोधन तथा व्यवस्थापनको निम्ति स्वीकृत गुरुयोजना बमोजिमको उदेश्यमा सहयोग पुग्ने गरि कारागार कार्यालय नुवाकोटको नाममा दर्ता कायम मध्येबाट ३० रोपनी जग्गामा खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन बिभाग अन्तर्गतको आयोजनाले बायो ग्यास सहितको ढल प्रशोधन प्रणाली निर्माण गरि बायोग्यास कारागारले प्रयोग गर्ने तथा सो को संचालन तथा व्यवस्थापनको जिम्मा बिदुर नगरपालिकाले लिने गरि कारागार कार्यालय, नुवाकोटको नाममा दर्ता कायम रहेको कि.नं. ३७७,३७८,३७९ र ६६८ गरी कुल क्षेत्रफल ६४५ रोपनी जग्गा मध्ये ढल प्रशोधन केन्द्र निर्माणको निम्ति कि.नं. ३७८ र ६६८ को जग्गा मध्येबाट दक्षिण तर्फको करिब ३० रोपनी जग्गामा कारागार तथा विदुर नपाको ढल प्रशोधन आयोजनाको प्रशोधन केन्द्र निर्माणको कार्य खानेपानी मन्त्रालय अन्तर्गतका निकायले यथासिघ्र अघि बढाउनको लागि सबै निकायले आवश्यक कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

आज मिति २०८१/०९/०६ गते शनिबारका दिन यस विदुर नगरपालिकामा यसै नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठ ज्यू को अध्यक्षता तथा नेपाल सरकार, खानेपानी मन्त्रालयका माननीय मन्त्री श्री प्रदीप यादव ज्यू को प्रमुख आतिथ्यतामा बसेको बैठकमा तपसिल बमोजिमको छलफल तथा निर्णयहरु गरियो ।

<u>उपस्थितिः</u>

१) श्री राजन श्रेष्ठ — नगर प्रमुख, विदुर नगरपालिका, नुवाकोट
२) मा. प्रदीप यादव - मन्त्री, नेपाल सरकार, खानेपानी मन्त्रालय
३) श्री प्रभा बोगटी — नगर उप-प्रमुख, विदुर नगरपालिका, नुवाकोट
४) श्री नारायण प्रसाद भट्टाराई — महानिर्देशक, कारागार व्यवस्थापन विभाग, काठमाडौं
५) श्री रामकुमार श्रेष्ठ — महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग, काठमाडौं
६) श्री रामकृष्ण अधिकारी —प्रमुख जिल्ला अधिकारी, नुवाकोट
७) श्री अनुज भण्डारी — निर्देशक, कारागार व्यवस्थापन विभाग, काठमाडौं
८) श्री सुभाकर पौडेल — प्रमुख प्रशासकिय अधिकृत, विदुर नगरपालिका, नुवाकोट
९) श्री सुन्दर सुवेदी — आयोजना प्रमुख, संघीय खानेपानी तथा ढल व्यबस्थापन आयोजना, चितवन
१०) श्री लेनिन रञ्जित — १ नं. वडा अध्यक्ष, विदुर नगरपालिका, नुवाकोट
११) श्री दिपक कायस्था — २ नं. वडा अध्यक्ष, विदुर नगरपालिका, नुवाकोट
१२) श्री निलम बाबु ढुङ्गेल — ४ नं. वडा अध्यक्ष, विदुर नगरपालिका, नुवाकोट
१३) श्री लिलानाथ पौडेल — ५ नं. वडा अध्यक्ष, विदुर नगरपालिका, नुवाकोट
१४)
१५)
१६)
१७)
१८)
१९)
२०)
२१)
२२)
२३) श्री ईन्द्र बहादुर खतिवडा — कारागार प्रमुख, कारागार कार्यालय, नुवाकोट
२४) श्री प्रदिप रेग्मी — इन्जिनियर, संघीय खानेपानी तथा ढ, व्य. आयोजना, चितवन
२५) श्री ईन्द्र बहादुर खतिवडा — कारागार प्रमुख, कारागार कार्यालय, नुवाकोट
२६) श्री प्रदिप रेग्मी — इन्जिनियर, संघीय खानेपानी तथा ढ, व्य. आयोजना, चितवन
२७) श्री अमृत भण्डारी — इन्जिनियर, संघीय खानेपानी तथा ढ, व्य. आयोजना, चितवन
२८) श्री सुर्य वि.सि. - सब-इन्जिनियर, संघीय खानेपानी तथा ढ, व्य. आयोजना, चितवन
२९) श्री सुरेश आले — सब-इन्जिनियर, संघीय खानेपानी तथा ढ, व्य. आयोजना, चितवन